भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ

# भिमाद नगरपालिका क्षेत्राधिकार भित्रको नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर र काठ दाउरा एवं कबाडी जन्यको निकासी शुल्क दस्तुर संकलन सम्बन्धी बोलपत्र आह्वानको सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०५/१६)

भिमाद नगरकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) बमोजिम आ.व. २०७७/०७८ का लागि तपसिल बमोजिमका नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर र काठ दाउराको निकासी शुल्क दस्तुर संकलनका लागि कार्यालयले तोकेको न्यूनतम रकमबाट बढाबढ हुने गरी ठेक्का माध्यमबाट गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरु अनुसार ईच्छुक योग्य फर्म वा कम्पनीले देहाय बमोजिमको मिति र समयभित्र बोलपत्र खरिद गरी फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करको प्रमाणपत्र/ स्थायी लेखा नम्बरको प्रमाणपत्र, आ.व.२०७५/०७६ को करचुक्ता प्रमाणपत्र, ईजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित पेस गरी रितपूर्वकको बोलपत्र आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| ठेक्का नं. | विवरण | न्यूनतम रकम रु. (अग्रिम आयकर र मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|
| ०३/२०७७-०७८ | नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर र काठ दाउरा एवं कबाडीजन्यको निकासी शुल्क दस्तुर | २५,००,०००।०० (अक्षेरुपी पच्चिस लाख मात्र) | ३०००।०० (अक्षेरुपी तीन हजार मात्र) | कबोल अङ्कको ५ प्रतिशत |

शर्तहरु :

१. यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र फाराम बोलपत्र दाता स्वयं वा रितपूर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।

२. बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/ स्थायी लेखा नम्बरको प्रमाणपत्र, नागरिकता, ईजाजत पत्र र आ.व. २०७५/०७६ को करचुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

३. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात मिति २०७७/०६/१४ गते कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । बोलपत्र फारामहरु भरी गरी ३१ औं दिन अर्थात मिति २०७७/०६/१५ गतेको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्र फारामहरु सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाताहरुको समेत रोहबरमा खोलिनेछ।बोलपत्र दाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

४. यस पुर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्र लाई मान्यता दिईने छैन, तर बोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन ।

५. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

६. बोलपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर र ठेक्का विवरण स्पष्ट लेख्नुपर्नेछ ।

७. नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर र काठ दाउराको निकासी शुल्क दस्तुर सम्बन्धी दर नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ र दर बोलपत्र साथ उपलब्ध गराइनेछ ।

८. बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसँग लेखि कबोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि.एसिया बैंक लिमिटेड, भिमादमा रहेको धरौटी खाता च.हि.नं. A7CA500649524004 मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत (विड बण्ड) गोप्य बोलपत्र साथ पेश गर्नुपर्नेछ ।कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

९. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर (VAT) १३% र अग्रीम आयकर वापतको १.५% थप गरी कुल रकम कायम गरी सम्झौता गरिनेछ ।

१०. स्वीकृत ठेक्का अंकलाई २ (दुई) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०%, दोस्रो किस्ता ५०% मध्ये पहिलो किस्ता ५०% सम्झौताको बखत दाखिला गरी बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैकबाट २०७८ श्रावण मसान्त सम्म मान्य हुने बैंक जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । बाँकी ५०% रकमको किस्ता २०७७ फाल्गुण मसान्त भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।

११. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाएमा बोलपत्र दाताले कबोल गरेको अंकको ५% छुट दिइनेछ।

१२. बोलपत्र दाताले पेश गरेको दरभाउपत्र जमानत (विडबण्ड) रकम छनौट नभएका बोलपत्र दाताले छनौट भएको बोलपत्र दातासँग कार्यालयको सम्झौता भइसकेपछि प्राप्त हुनेछ ।

१३. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर र काठ दाउराको निकासी शुल्क दस्तुर असुल गर्दा तोकिएको दररेटमा मात्र निकासी शुल्क असुली गर्नु पर्नेछ । कार्यालयले तोकेको दररेट भन्दा बढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडी प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१५. नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर र काठ दाउराको निकासी शुल्क दस्तुर संकलन तथा कारोबार गर्दा बालश्रम प्रयोग गर्न पाईने छैन ।

१६. कुनै पनि बन्द, हडताल, प्राकृतिक बिपद कोरोना जन्य माहामारी आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन। नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर र काठ दाउराको निकासी शुल्क दस्तुर संकलन गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र दाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।

१७. माथि उल्लेखित शर्तहरु उल्लघंन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी कार्यालयलाई सम्झौता बमोजिम बुझाउनु पर्ने बाँकी रहेको किस्ता रकम र सोही रकमको १०% थप गरी कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) बाट असुल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइने छ ।

१८. स्वीकृत बोलपत्र दाताले मासिक रुपमा आफुले निकासी शुल्क संकलन गरेको विवरण अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

१९. यस सूचना र बोलपत्र फाराममा उल्लेख बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२०. विस्तुत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५७२४३६ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ साथै यस कार्यालयको website www.bhimadmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत